खुशीसाथ दिने व्यक्ति

पाष्टरीय तालीम पुस्तिका

३

तालीम र वृद्धि

T&M ®

यो अध्ययनद्वारा परमेश्वरको महिमा र आदरको निम्ति तपाईको मण्डलीले राम्ररी दिन सिकून् भनेर हाम्रा पिता परमेश्वरसंग प्रार्थना गर्नोस् ।

दशांश र भेटीहरु

पुरानो करारमा परमेश्वरले आफ्ना जनहरुलाई उनीहरुको कमाइको दशौं भाग दिनलाई आज्ञा गर्नुभयो । पैसा नहुनेहरुले आफूले उब्जाएका अन्न वा पालेका पशुहरुमध्येबाट ल्याउँथे । पशुहरु चाहिं स्वस्थ र कुनै पनि खोटरहित हुनुपर्थ्यो । (प्रस्थान १२:५, लेवी २२:२१)

नयाँ करारमा दशांश दिने सम्बन्धमा कुनै व्यवस्था छैन । हामीले ता प्रेमसाथ स्वतन्त्र हृदयले दशांश दिादछौं । यदि पुरानो करारकाहरुले दशांश दिए भने, हामी महान आशिष पाउने नयाा करारकाहरुले त्यति ता सजिलै दिन सक्नु पर्ने हो ।

यदि हामी व्यवसाय गर्दछौं भने त्यसैबाट कमाएको (लागेका खर्चहरु कटाएर पाएकोमध्येबाट) दशौं अंश छुट्याउनु पर्दछ ।

जब उनीहरुले दशांश दिए, परमेश्वरले इस्राएलीहरुलाई आशिष दिनुभयो। मलाकी ३:१०, २ कोरन्थी ९:७ ले भन्दछ: *"खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ।"* आज पनि, करमा नपरी प्रेमसाथ दिन चाहने इमान्दार विश्वासीहरुलाई उहाँले विभिन्न रुपमा आशिष दिनुहुन्छ।

गनगनसाथ दिएकोलाई परमेश्वरले स्वीकार्नुहुन्न, तर उहाँले ता बलिदानपूर्वक दिने व्यक्तिलाई आशिष दिनुहुन्छ। पुरानो करारमा नहुनेहरुले ता आफ्नो मनमा निर्णय गरेबमोजिम अनि खुशीसाथ दिनुपर्ने कुरो २ कोरन्थी ९:७-१५ ले बताएको छ। यो खण्डले भन्न चाहेको कुरा मिसनेरीहरुले सजिलै बुझ्नसक्छन्। जब गरीब मानिसहरुले प्रेमसाथ बलिदानपूर्वक परमेश्वरलाई अनि अरु मानिसहरुलाई दिन्छन्, परमेश्वरले उनीहरुको दरिद्रीपनलाई हलुको पार्नुहुन्छ। परमेश्वरले उनीहरुलाई बिगार्न धेरै सम्पत्ति ता दिनुहुन्न तर उनीहरुले राम्रो नोकरी पाउनसक्छन्। कमाएको धनलाई राम्ररी खर्च गर्न बुद्धि दिनुहुन्छ अनि उनीहरुको परिवारको स्वास्थ्य राम्रो बन्दछ। तर जसले मण्डलीबाट पाउन मात्र चाहन्छ, तर प्रेमसाथ दिन चाहँदैन, परमेश्वरले उनीहरुलाई दरिद्रतामा छोडिदिनुहुन्छ।

हामीले उदारचित्तसँग दियौं भने परमेश्वरले यही पृथ्वीमा वा आउनेवला युगमा हामीलाई आशिष दिनुहुनेछ भन्ने रहस्य जान्नु नै हामीले खुशीसाथ दिनसक्ने अर्को कारण हो ।

"आफ्नो निम्ति पृथ्वीमा धन-सम्पत्ति नथुपार, जहाँ कीरा र खियाले ती नष्ट पार्छन् र जहाँ चोरहरुले घर फोरेर ती चोर्छन् । तर आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार, जहाँ कीराले वा खियाले नष्ट पार्दैन, र चोरले पनि चोर्दैन । किनकि जहाँ तिम्रो धन हुन्छ, त्यहीँ तिम्रो मन पनि हुन्छ ।" (मत्ती ६:१९-२१)

“साँच्चै म तिमीहरुलाई भन्दछु, जसले मेरो निम्ति र सुसमाचारको खातिर घर वा दाज्यू-भाइ वा दिदी-बहिनी वा आमा-बाबु वा छोराछोरीहरु वा जग्गाजमीन छोड्छ, त्यसले सतावटको साथसाथै सय गुणा बढी घर, दाज्यूभाइ, दिदीबहिनी, आमाबाबु, छोराछोरी र जग्गाजमीन यसै समयमा पाउनेछ, अनि आउँदो युगमा अनन्त जीवन ।” (मर्कूस १०:२९-३०)

परमेश्वरले हाम्रो भेटीलाई कसरी हेर्नुहुन्छ ?

१. हामीसँग भएको प्रत्येक थोक सारा संसारको मालिक परमेश्वरबाट नै सित्थैंमा आएको उपहार हो । हामी ता उहाँले हामीलाई दिनुभएको थोक कसरी प्रयोग गर्दछौं त्यसको लेखा दिनुपर्ने उहाँका भण्डारेहरु मात्र हौं । हामी दिन चाहन्छौं वा थुप्राउन, लालची बन्न चाहन्छौं वा अरुको निम्ति आशिषको कारण, हामीले नै त्यो चुन्न सक्छौं । हामी छनौट बिनाको दास बन्नै सक्तैनौं । त्यसैकारण प्रेमसाथ खुशी भएर दिएको परमेश्वरले स्वीकार्नु हुन्छ ।

परमेश्वर नै सबै थोकको सृष्टिकर्ता र मालिक हुनुहुन्छ । (उत्पत्ति १:१, भजन २४:१)

“छर्नेलाई बीउ र खानलाई भोजन दिनुहुनेले तिमीहरुलाई बीउ दिनुहुनेछ, र त्यसमा वृद्धि गर ाउनुहुनेछ, अनि तिमीहरुका धार्मिकताको फसल बढाउनुहुनेछ ।” (२ कोरन्थी ९:१०)

हामीसँग भएको हरेक थोक परमेश्वरबाट आउने हुनाले, हामी गरीब हौं या धनी, उहाँलाई दशांश दिन नचुकौं ।

“रुखहरुका फल वा जमीनका बीउको होस्, भूमिका उब्जनीको दशांश परमप्रभुकै हो, र ती परमप्रभुकै निम्ति पवित्र हुन् ।” (लेवी २७:३०)

हामीले हाम्रो मनमा चिताएको खुशीसाथ नै परमेश्वर चाहनुहुन्छ (२ कोरन्थी ९:७)। जो उहाँले हामीलाई दिनुभएको छ, सो हामी परमेश्वरमा नै समर्पण गर्दछौं ।

हाम्रो सम्पत्ति कसको हो ?

☐ हाम्रै मात्र ।

☐ परमेश्वरको ।

"पृथ्वी र त्यसमा भएका जो-जति छन् सबै परमप्रभुका हुन् ।" (भजन २४:१)

दशांशको आज्ञा पुरानो करारको नियम थियो । त्यसो भए किन हामीले दशांश दिनुपर्ने र ? हामी ईसाईहरुले चाहिँ धार्मिक विधि मान्नको लागि मात्र दशांश दिंदैनौं । हामीले ता प्रेमसाथ दिंदछौं, परमेश्वरको काम जारी र ाख्नको निम्ति।

मलाकी ३:६-१२ पढ्नोस् अनि मनन गर्नोस् ।

☐ पढेर मनन गरिसकेपछि यहाँ दाग लाउनोस् ।

पुराना इस्राएली जातिहरु बागी भए अनि उनीहरुले पुर ानो करार अनुसार परमेश्वरलाई दिनुपर्ने दशांशहरु दिएनन् । उहाँले अगमवक्ता मलाकीद्वारा तिनीहरुलाई चेतावनी दिनुभयो ।

“के कुनै मानिसले परमेश्वरलाई लुट्छ र ? तापनि तिमीहरु मलाई लुट्दछौ । तर तिमीहरु सोध्छौ, कसरी हामीले तपाईलाई लुट्चौं र ? दशमांशको भेटीमा । सराप परेर तिमीहरु श्रापित भयो, किनकि तिमीहरुले मलाई लुटिरहेछौ– तिमीहरु सम्पूर्ण जातिले ।”

(मलाकी ३:८,९)

“याद गरौं, कि थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्तसँग छर्नेले प्रशस्तसँग कटनी गर्छ ।”

(२ कोरन्थी ९:६)

हामीले प्रशस्तसँग के कटनी गर्नेछौं ? यस संसारमा हामीलाई सम्पत्तिद्वारा आशिष दिनुहुनेछ भनी परमेश्वरले केही वचन दिनुभएको छैन । एफिसी १:३ मा उहाँले हामीलाई स्वर्गीय स्थानहरुमा आत्मिकी आशिषहरुले आशिषित तुल्याउनुहुने प्रतिज्ञा गर्नुभएको छ ।

परमेश्वरले कसलाई आशिषित तुल्याउनुहुने प्रतिज्ञा गर्नुभएको छ :

- ☐ उदारचित्तले दिनेलाई ।
- ☐ मन नगरी नगरी दिनेलाई ।

हामीले परमेश्वरलाई कसरी दिंदाखेरि खुशी बन्नुहुन्छ :

☐ आनन्दसाथ ।

☐ गनगनसाथ ।

२. हामीले हाम्रो हृदयबाट प्रेम र खुशीसाथ दिएको कुरालाई आशिषित तुल्याउनुहुन्छ ।

"हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम दिओस्, इच्छा नभईकन होइन, नता करकापमा परेर ।"

(२ कोरन्थी ९:७)

परमेश्वरले दिनेवला व्यक्तिको हृदय हेर्नुहुन्छ, मन नगरी नगरी दिएको कुरो उहाँले स्वीकार्नु हुन्न (प्रस्थान २५:२)। पुरानो करारको व्यवस्थाले हरेक फसलको दशांश मागेको छ । तर, नयाँ नियममा चाहिं हामी व्यवस्थामा बाँधिएर होइन, तर हामीमा हुनुभएको खीष्टको आत्माले डोऱ्याइएर सेवा गर्दछौं । बागी हृदय लिएर दशांश नदिनेहरुलाई हामी अनुशासनको धम्कीद्वारा कर लगाउने काम गर्दैनौं । परमेश्वरको निम्ति यसरी आएको दशांशको कुनै मूल्य हुँदैन । परमेश्वरले ता प्रेम दिइएको कुरालाई मात्र ग्रहण गर्नुहुन्छ ।

३. परमेश्वरले बलिदानपूर्वक दिइएको कुराको लेखा र राख्नुहुन्छ ।

धनीले दिएको धेरैभन्दा गरीबले दिएको थोरै परमेश्वरको निम्ति बहुमूल्य हुनसक्छ । धनीहरुले ता आफूलाई सन्तुष्ट पारेर उब्रिएको मात्र दिएको हुनसक्छ । यदि हामीले उब्रेकोबाट मात्र दिने काम गर्दछौं भने यो कुनै मूल्यको हुँदैन ।

उदाहरणको निम्ति लूका २१:१-४ अनुसार केही धनी मानिसहरुले धेरै धेरै भेटी चढाएका थिए । एउटी विधवाले मात्र दुई पैसा चढाइन् । तर येशूले भन्नुभयो कि त्यस स्त्रीले अरुलेभन्दा धेरै चढाएकी थिइन् । कुन अर्थ उनले धेरै चढाइन् ? उनले प्रेम र बलिदानपूर्वक, आफ्नो गरिबीपनलाई सोंच्दै नसोंची, भए जति चढाएकी थिइन् । हामीले कति दिन्छौं त्यो मात्र परमेश्वरले हेर्नुहुन्न तर कस्तो उद्देश्य र मन लिएर दिंदैछौं त्यो पनि हेर्नुहुन्छ ।

कतिलाई शुरुमा उदारतापूर्वक दिन गाह्रै लाग्छ । तर यदि उनीहरुले थोरैबाट शुरु गरे, परमेश्वरले उनीहरुलाई अझ धेरै दिने अनुग्रह प्रदान गर्नुहुन्छ, अनि दिएर आनन्द उठाउने तुल्याउनुहुन्छ । हामीले इमान्दार र स्वेच्छाको हृदयले दिएको मात्र परमेश्वरले ग्रहण गर्नुहुन्छ । दिने काममा कुनै पनि प्रकारको कपटीपनलाई उहाँले घृणा गर्नु हुन्छ । पुरानो करारमा उनीहरुले बलिदानको निम्ति पशुहरु पनि चढाउँथे । परमेश्वरले केवल सफा, निष्खोट अनि स्वस्थ पशुहरु मात्र ग्रहण गर्नु भयो (लेवी ५:१५,१८)। यदि उनीहरुले खोट भएको पशु चढाएका भए, उनीहरुमाथि नै सराप आइपर्दथ्यो (मलाकी १:१३-१४)।

यस्तै प्रकारले हेर्ने हो भने हामीले उब्रेकोबाट मात्र दिंदाखेरि परमेश्वर खुशी हुनुहुने छैन । परमेश्वर सबैको महाराजा अनि सबैभन्दा पहिलो स्थानमा हुनुहुन्छ । (मलाकी १:१४)

४. मानिसहरुलाई प्रभाव पार्नलाई मात्र दिइएको भेटी पर मेश्वरले ग्रहण गर्नु हुनेछैन ।

मानिसहरुले हाम्रो प्रशंसा गरुन् भनेर दिन्छौं हामीले हाम्रो इनाम पाइसकेका हुनेछौं (मत्ती ६:१-२)। यो इनाम चाहिं मानिसहरुको प्रशंसा हो । यसकारण दाहिने हातले के गरिरहेको छ देब्रे हातले चाल पनि

तपाईसंग भएको सबै थोक परमेश्वरले दिनुभएको हो, अनि यी सबै उहाँको महिमाको निम्ति चलाउनको निम्ति हामी परमेश्वरका भण्डारेहरु हौं भन्ने कुरा तपाईलाई थाहा छ ?रु
ज्यू, तपाईले ठीकै भन्नु भयो ।
कति राम्रो !

अन्तमा मैले आनन्दसाथ कसरी दिनुपर्छ सो जानें । यो ता हामीले प्रेम गरेको व्यक्तिलाई उपहार दिनको निम्ति कठोर परिश्रम जस्तै हो रहेछ ।

दिनको निम्ति कारणहरु

दिनु पनि हाम्रो आराधनाको एक भाग हो :*“इपाफ्रोडिटसद्वारा पठाइदिएका तिमीहरुको मीठो बास्ना भएको र परमेश्वरलाई मनपर्दो र ग्रहणयोग्य बलिदान पाएर म तृप्त भएको छु ।”* (फिलिप्पी ४:१८)

प्रारम्भिक प्रेरितीय मण्डलीहरुमा, उनीहरुले हरेक आइतबार दिने गर्थे । (१ कोरन्थी १६:२)

हामीले खाँचोमा परेकाहरुलाई सहायता पुऱ्याउन (लूका १०:२५-३७), अनि पूर्ण समय सेवामा उत्रेका ईसाई सेवकहरुलाई सहयोग गर्न (१ तिमोथी ५:१७-१८), अनि अझसम्म नपुगेका ठाउँहरुमा मिसनेरी पठाउन दिने काम गर्नुपर्छ ।

खाँचोमा परेको छु भन्ने हरेकलाई हामीले दिनैपर्छ भन्ने छैन, यदि कसैले काम गर्न मान्दैन भने, उसलाई हामीले केही दिनु पर्दैन । (२ थिस्स. ३:१०)

निम्न कारणहरुले गर्दा पनि दिनु पर्दछ :

- नयाँ मण्डलीहरु स्थापित गर्ने काममा सहयोग पुऱ्याउन (यातायात खर्च, पुस्तक-पुस्तिका, आदिको निम्ति)

- अनिकाल परेको ठाउँमा सहायता पठाउन । (प्रेरित ११:२८-३०)

- मण्डली भवन मर्मत गर्न । (प्रस्थान ३५:२२, २ इतिहास २४:१०-१३)

पैसा कसरी चलाउने

मण्डलीले व्यवस्थित खाता राख्नुपर्‍यो, अनि खजाञ्ची चाहिं इमान्दार हुनुपर्‍यो ।

इमान्दारी कायम राख्न अनि परीक्षाबाट बँच्न पाँचवटा नियम दिइएको छ ।

१. दुईवटा सहीहरु : कम्तिमा दुई जनाले भेटी गन्नुपर्छ अनि रसीदमा सही गर्नु पर्छ ।

२. रसीदहरु : जब पनि खातामा हिसाब भरिन्छ, आय वा व्यय दुवैको निम्ति रसीद र भर्पाइहरु हुनुपर्छ । यिनीहरु सजिलैसँग पाइने अनि चिन्न सकिने हुनुपर्छ (क्रम संख्या वा विभिन्न विषयको निम्ति विभिन्न रंगहरु) ।ष्मभलतषथ ९लगफदभचभम यच ष्ल मषाभचभलत अययिचक ।यच अभचतबष्ल तथउभक०।

३.	तालासहितको बाक्सा वा दराज :	सबै पैसाहरु एउटा बाक्सा वा दर ाजमा ताला लगाएर राख्नुपर्छ ।
४.	ब्याङ्क खाता :	ण्ण्घ(ण्डढ तुरन्तै प्रयोग नगरिने पैसाहरु सकेसम्म छिटै गरी ब्याङ्कमा लगेर जमा गरिहाल्नु पर्छ ।
५.	आर्थिक सुपरभाइजर :	लगातार, कम्तिमा महिनाको एक चोटि, कुनै स्वतन्त्र व्यक्तिले खाता, ब्याङ्कको जानकारी, नगद, जाँच्नु पर्छ अनि खाता अनुसार छ छैन निश्चित हुनु पर्छ ।

मण्डली बजेट

"मानिलिउँ तपाईहरुमध्ये कसैले एक धरहरा बनाउन चाहनुहुन्छ । के उसले बसेर म बनाउन सक्छु कि सक्दिनँ भनेर पहिला हिसाब गर्दैन र ?"

(लूका १४:२८)

मण्डलीको खजाञ्चीले हरेक महिना (गत महिनाको बाँकी, आय, व्यय, र नयाँ बाँकी लगायत सम्पूर्ण) आर्थिक प्रतिवेदन मण्डलीको एल्डर डिकनको बोर्डलाई प्रस्तुत गर्नुपर्छ। मण्डलीले अधिकार दिए जतिको मात्र खजाञ्चीले पैसा तिर्ने काम गर्नुपर्छ। मण्डलीले हरेक महिना कति दशांश र भेटीहरु उठ्नसक्छ भनी अनुमानित गर्दछ। तब सबैको सम्मति अनुसार त्यस महिना कति र कहाँ खर्च गरिनुपर्छ भनी बोर्डले खजाञ्चीलाई अख्तियार प्रदान गर्दछ। बजेट बाहिरको खर्चको निम्ति एल्डर डिकनहरुको विशेष वैठक बसेर त्यो विशेष खर्चको निम्ति अनुमोदन गर्नुपर्छ।

टिप्पणीहरु:

ब्जेटको एक न्मून

ऋतुमीन्त ऋाइ

दशांश	१० ०००
भेटीहरु	५ ०००
विदेशमा हुने मिसनेरी कामको निम्ति भेटी	५ ०००
मोठ अनुमानित आय	२० ०००

सहमत भएको मासिक खर्चहरु

पाष्टर र मिसनेरी सहयोग	१३ ०००
खाूचोमा परेकाहरुको निम्ति प्रोजेक्ट	२ ०००
सुसमाचार र नयाू मण्डलीहरु	२ ०००
पाष्टरीय तालीम प्रोग्राम	१ ०००
विविध	५००
साधारण खर्चहरु : बत्ती, पानी, पेटूोल, आदि	५००
विविध	५००
मोठ मासिक बजेट	१९ ५०००

मिति_____ सही_____

हिसाब राख्ने विभिन्न तरिकाहरु छन् । तल दिइएको नम ना सबभन्दा सरल र व्यावहारिक मध्ये एक हो ।

नगद खाता : मिति : जुलाई १९९९

असल गोठालोको मण्डली

मिति	प्राप्त नं.	विवरण	आय	व्यय	बाकी
		पहिलेको बाकी०६।३०।९९			१२ ५००
जुलाई२	३०क	भेटीहरु७१।९९	१ ०००		१३ ५००
२	३१ क	दशांश७१।९९	७ ०००		२० ५००
३	८२ख	प्रचारक टोलीको निम्ति यातायात		४५०	२० ५००
६	८३ख	बत्ती बिल (जून)		२००	१९ ८५०
८	३२क	भेटीहरु ७७९९	१ ३००		२१ १५०
८	३३क	दशांश ७७९९	१ १००		२२ ५००
१०	८४ख	जलाहारी(लाई सहायता		१ १००	२१ १५०
१२	८५ख	मिसन यूनियन (मुस्लिम)		४ ०००	१७ १५०
१२	८६ख	मिसन यातायात खर्च		४ ५००	१२ ६५०
१३	८७ख	पाष्टरीय तालीमको निम्ति लिटरेचर		७००	११ ९५०
१५	३४क	भेटीहरु ७१४।९९	१ ७००		१३ ६५०
१५	३५क	दशांशहरु ७१४।९९	३ ५००		१७ १५०
१७	८८ख	भित्री पेन्ट		४००	१६ ७५०
१८	८९ख	पानीको बिल		१५०	१६ ६००
२०	९०ख	सुसमाचारसाहित्य		२००	१६ ४००
२२	३६क	भेटीहरु ७२१।९९	८००		१७ २००
२२		**उप(मोठ**	**१६ ४००**	**११ ७००**	**१७ २००**

पृष्ठ २

मिति	प्राप्त नं.	विवरण	आय	व्यय	बाकी
जुलाई २२		पहिलेको पाताबाट मोठ	१६ ४००	११ ७००	१७ २००
२५	९१ख	प्रचार टोली यातायात		५५०	१६ ६५०
२९	३७क	भेटीइहरु ७।२८।९९	९००		१७ ५५०
२९	३८क	विविध कार्यहरु	५ २००		२२ ७५०
३०	९२ख	पाष्टरको तलब		४ ५००	१८ २५०
३०	९३ख	भवनको लागि सिमेन्ट		५ २००	१३ ५००
३१	९४ख	जोनको परिवारलाईं सहायता		१ ४००	११ ६५०
		महिनाको आखिरमा मोठ	**२२ ५००**	**२३ ३५०**	**११ ६५०**

जुन ९९ को आखिरमा मासिक मोठ	१२ ५००
जुलाईको निम्ति आय	२२ ५००
जुलाईको निम्ति खर्च	२३ ३५०
जुलाई ९९ को अन्तमा बाकी	११ ६५०

खचाञ्चीको सही_____

सुपरभाइजरको सही_____

अभ्यासको काम

- विश्वासीहरुले प्रभुलाई खुशीसाथ दिऊन् भनी प्रार्थना गर्नोस् ।

- २ कोरन्थी ९:६-७ कण्ठस्थ पार्नोस् ।

- हरेक साता हुने आराधनाको समय उपाषनाको रुपमा उदारचित्तसंग भेटीहरु दिऊन् भनी तपाईको मण्डलीका मानिसहरुलाई सिकाउनोस् । माथि भनिए जस्तै गरी किन दिनु भन्ने बारेमा विभिन्न कारणहरु बताइदिनोस् ।

- मण्डलीसंग वैठक बसी एक खजाञ्ची अनि एक आर्थिक सुपरभाइजर नियुक्त गर्नोस् । खजाञ्चीले मण्डलीले निर्णय गरे जनि मात्र खर्च गर्नेछ । पवित्र आत्माले पूर्ण भएको जिम्मेवारी व्यक्ति छान्नोस् ।

(ठूलो आर्थिक खाँचोमा परेका व्यक्तिलाई खजाञ्ची नछान्नु राम्रो, यसरी उनलाई हामीले पैसासम्बन्धी परीक्षाबाट जोगाइरहेका हुन्छौं ।

- एक बजेट तयार पार्नोस् ।

- खजाञ्चीले एक असल हिसाब राख्ने तरिका अप्नाइरहेको छ कि छैन भनी थाहा गर्नोस् ।

- हरेक महिनाको आय व्ययको हिसाब प्रस्तुत गर्न खजाञ्चीलाई सल्लाह दिनोस् ।

खजाञ्ची को हो ?

_____

आर्थिक सुपरभाइजर को हो ?

_____

टिप्पणीहरु

टिप्पणीहरु

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

003NP01A-01